

## जनताको अपेक्षा र नेताहरूको व्यवहार

रुविना दाहाल

पृष्ठ २

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक–६, झापा

**फाल्गुनन्द चौक**

फोन: ०२३–५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१९५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

वर्ष-२० | अंक - १९१ | २०८२ साउन ०२ गते शुक्रबार | Friday, 18 July, 2025 | मूल्य ७ /-

## सेवारो होटलमा आगलागी, १३ लाख बराबरको क्षति



**दमक/** दमक नगरपालिका–६ मा रहेको सेवारो होटल एण्ड सेकुवा कर्नरमा आगलागी हुँदा करिब १३ लाख रूपैयाँ बराबरको क्षति भएको छ । विहिबार दिउँसो १२ बजेतिर दिलमाया लावतीले स्थानीय सुरेश कुमार थापाको खाली जग्गा भाडामा लिएर सञ्चालन गर्दै आएकी टिनको छानो र पर्खालले बनेको कच्ची होटलमा आगलागी भएको हो ।

खाना पकाउने क्रममा ग्यास सिलिण्डरबाट ग्याँस चुहावट भई सिलिण्डर विस्फोट हुँदा आगलागी फैलिएको प्रहरीले जनाएको छ ।

होटलमा रहेका लत्ता कपडा, खाद्यान्न, ३ थान फ्रिज, ८ थान ग्यास सिलिण्डर, २ थान इन्भर्टरसहितको सम्पूर्ण संरचना जलेर पूर्ण रूपमा नष्ट भएको छ । होटलमा मात्रै करिब १३ लाख रूपैयाँ बराबरको क्षति भएको अनुमान प्रहरीले गरेको छ ।

त्यस्तै, सोही स्थानमा रहेको ज्ञानु रिजालको पक्की दुईतले घरको पछाडिको झ्यालका ७ वटा सिसा फुटेका छन् भने भित्र रहेका लत्ताकपडामा आगो सल्किँदा करिब १ लाख ५० हजार रूपैयाँ बराबरको क्षति भएको छ । आगो नियन्त्रणका लागि दमक नगरपालिका, उर्लाबारी नगरपालिका, कमल गाउँपालिकाको दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायतको टोली तथा स्थानीयवासीहरूको सक्रिय सहयोगमा आगो पूर्ण रूपमा नियन्त्रणमा ल्याइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

रास्वपाको हस्ताक्षर अभियानबाट साढे २४ लाख बढीको सहभागिता

# बालेन, कुलमान जस्तालाई जोड्ने रास्वपाको प्रयास

पूर्वसन्देश समाचार

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डा. स्वर्णिम वाग्लेले काठमाडौंका मेयर बालेन शाह, कुलमान घिसिङ, डा. सिके राउत, गोपी हमालजस्ता सक्षम र लोकप्रिय व्यक्तित्वहरूलाई पार्टीमा जोड्ने बताए । उनले नयाँ र स्थापित पात्रहरूको ध्रुवीकरणले रास्वपालाई केन्द्र बनाउने र यो 'नयाँ अनुहार भर्सेस पुराना अनुहार' को लडाइँ हुने उल्लेख गरे ।

पार्टी सभापति रवि लामिछानेविरुद्धको मुद्दालाई 'अति राजनीतिक अभियोजन' भन्दै वाग्लेले यसविरुद्धको हस्ताक्षर अभियानमा व्यापक जनसमर्थन प्राप्त भएको दाबी गरे । यो अभियान अदालतलाई प्रभावित पार्ने नभई जनमतको रेकर्ड भएको र यसले ठूला दलहरूको समानुपातिक मतलाई उछिन्न लागेको उनले बताए । अभियानमा मनिषा कोइरालाजस्ता प्रतिष्ठित व्यक्तित्वको समर्थनले सांकेतिक महत्व राख्ने उनको भनाइ छ । वाग्लेले नयाँ शक्तिहरूको सहकार्यले सकारात्मक माहौल बनेको र यसले नेपाली जनतामा आशा जगाएको बताए ।

### ४६ लाख संकलन ६० लाख खर्च

हस्ताक्षर संकलन अभियानका क्रममा हालसम्म झण्डै ६० लाख खर्च भइसकेको जनाएको छ । रास्वपाले बिहीबार पत्रकार सम्मेलन गरी अभियानका लागि छुट्टै कोष सञ्चालन गरिरहेको जानकारी दिएको छ । रास्वपाले सभापति लामिछानेमाथि भएको राजनीतिक प्रतिशोध विरुद्ध भन्दै देश विदेशमा हस्ताक्षर अभियान चलाइरहेको छ । जसका लागि हालसम्म ५९ लाख ६८ हजार रुपैयाँ खर्च भइसकेको नेता दीपक बोहोराले जानकारी दिए । हस्ताक्षर अभियानसँगै चन्दा समेत बाँकी ४ पेजमा ▸▸

### उम्मेदवार छनौट कार्यविधि सार्वजनिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभा सदस्य निर्वाचन 'पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली'का लागि उम्मेदवार छनोटको कार्यविधि सार्वजनिक गरेको छ । रास्वपाले बनाएको कार्यविधिमा नेतृत्व क्षमता, राजनीतिक निकटता, समावेशिता र आन्तरिक रूपमा हुने प्रारम्भिक निर्वाचनमा प्राप्त मतलाई उम्मेदवार छनोटको आधार बनाएको हो ।


पार्टी केन्द्रीय कार्यालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा पार्टीका सहमहामन्त्री विपिन आचार्यले रुपन्देही-३ मा आगामी कात्तिक १७ गते हुने उपनिर्वाचनका लागि सोही कार्यविधिका आधारमा उम्मेदवार छनोट गरिने जानकारी दिए । बाँकी ४ पेजमा ▸▸

## झापामा एक वर्षमा ५३४ फरार प्रतिवादी पक्राउ

**भद्रपुर/** गएको वर्ष झापा प्रहरीले ५ सय बढी फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय झापा र मातहतका प्रहरी इकाइहरूले आर्थिक वर्ष २०८१/८२ को अवधिमा विभिन्न अदालतबाट फैसला भई फरार रहेका ५३४ जना प्रतिवादीहरू पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार पक्राउ परेकामध्ये ४६३ जना पुरूष, ७० जना महिला र १ जना यौनिक अल्पसंख्यक रहेका छन्। प्रहरी नायब उपरीक्षक (डीएसपी) खगेन्द्रबहादुर खड्काका अनुसार सबै प्रतिवादीलाई जिल्ला अदालत झापामा उपस्थित गराइएको थियो। अदालतको आदेशअनुसार कैद सजाय सुनाइएका व्यक्तिहरूलाई कारागार पठाइएको छ भने जरिवाना मात्र बाँकी रहेका प्रतिवादीबाट जरिवाना असुल गरेर छाडिएको हो । डीएसपी खड्काका अनुसार पक्राउ परेकाहरूबाट जम्मा २४८ वर्ष १० महिना १४ दिन कैद र रू ७ करोड २७ लाख २४ हजार ८२१ बराबरको जरिवाना असुल गरिएको छ ।

## 'भण्डारीका विषयमा पार्टीले निर्णय लिन्छ'



**दमक/** प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीमा भित्र्याउने विषयमा छलफल नै नभएको बताएका छन् । १४ असारमै भण्डारीले आफू एमालेको सक्रिय राजनीतिमा फर्किएको घोषणा गरेर सक्रिय गतिविधि गरिराख्दा ओलीले भने पार्टीमा फर्किनेबारे कुनै सल्लाह नगरेको बताए । पत्रकार विजयकुमारलाई दिएको एक अन्तरवार्तामा ओलीले भनेका छन्, 'उहाँले अरूसँग के गर्नुभयो मलाई थाहा छैन, तर मसित कुनै सरसल्लाह गर्नुभएन। पार्टीमा आधिकारिक ढंगले सरसल्लाह, मौखिक वा लिखित केही गर्नुभएको छैन।'

पार्टीले अब भण्डारीको विषयमा निर्णय लिने उनले बताए छन् । 'उहाँले प्रश्न बाँकी ४ पेजमा ▸▸

## झापामा मुद्दा फछ्र्यौट बढ्यो

**भद्रपुर/** झापा जिल्ला अदालतमा मुद्धा फछ्र्यौट बढेको छ । गत आर्थिक बर्ष २०८० / ०८१ को तुलनामा चालु आर्थिक बर्ष २०८१ / ०८२ मा १३१४ थान बढी मुद्धा फछ्र्यौट भएको हो । जिल्ला अदालतबाट आर्थिक बर्ष २०८० / ०८१ मा ३६६५ थान मुद्धा फछ्र्यौट भएकोमा यस आर्थिक वर्षमा ४९४९ थान मुद्धा फछ्र्यौट भएको छ । यस आर्थिक वर्षमा ६५ प्रतिशत फछ्र्यौट लक्ष्य राखिएकोमा ६०.४९ प्रतिशत फछ्र्यौट भई लक्ष्यको अनुपातमा ९४.६१ प्रतिशत फछ्र्यौट भएको हो । अघिल्लो बर्ष जिम्मेवारी सरी आएका ३५५० र यस बषर्मा नयाँ दर्ता भएका ४६३१ गरी कुल ८१८१ मुद्दामध्ये ४९४९ थान मुद्दा फछ्र्यौट भएको छ भने अब ३२३२ थान मुद्दा विचाराधीन रहेका छन् ।

## ससुराली जाँदा बाटोमै हत्या, एक जना घाइते

**इलाम/** ईलाममा २१ वर्षीय युवकको हत्या भएको छ । जिल्लाको सूर्योदय नगरपालिका वडा नम्बर १ मा माइजोगमाई गाउँपालिका–२ घर भएका प्रकाश चापागाईंको हत्या भएको हो । प्रकाश दाजु निरोज चापागाईंसँग ससुराली घर गएका थिए । त्यही बखत सूर्योदय–१, शिरिसेका ३३ वर्षीय किरण शेर्पासँग झगडा परेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

स्थानीय काजी तामाङको घरमा भएको झगडाका क्रममा उनीमाथि धारिलो हतियार प्रहार भएको प्रहरीको भनाइ छ । हतियार प्रहार हुँदा प्रकाशको घटनास्थलमै मृत्यु भएको थियो । उनका दाजु निरोजको पेटमा पनि धारिलो हतियारबाट गहिरो चोट लागेकाले उपचारका लागि फिक्कल पठाइएको प्रहरीले जनाएको छ । घटनापछि शेर्पालाई प्रहरीले पक्राउ गरेको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## शेयरमा नयाँ रेकर्ड कायम

**काठमाडौं/** आर्थिक वर्ष २०८१/८२ मा धितोपत्रको दोस्रो बजार कारोबारमा ऐतिहासिक रेकर्ड कायम भएको छ । बजारका अन्य परिसूचकमा पनि गत आर्थिक वर्षमा उल्लेख्य सुधार भएको नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले जनाएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा २१ खर्ब २४ अर्ब ९१ करोड रूपैयाँ बराबरको कारोबार भएको छ । यो कारोबार रकम आर्थिक वर्ष २०८०/८१ को तुलनामा १८९.२३ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०८०/८१ मा सात खर्ब ३४ अर्ब ६८ करोड बराबरको धितोपत्रको कारोबार भएको नेप्सेले जनाएको छ ।

यसअघि, आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा धेरै रकम १४ खर्ब ५४ अर्ब ४४ करोड रूपैयाँको कारोबार भएको थियो ।

यसैगरी, वर्ष २०८१ को असार मसान्तमा ३५ खर्ब ५३ अर्ब ६७ करोड रूपैयाँ रहेको बजार पुँजीकरण २०८२ असार मसान्तमा ३१.०५ प्रतिशतले बढेर ४६ खर्ब ५६ अर्ब ९८ करोड रूपैयाँ पुगेको छ ।

आर्थिक वर्ष २०८१/८२ को अन्तसम्ममा सूचीकृत कम्पनीको संख्या २७२ पुगेको छ । गएको आर्थिक वर्षमा मर्जर तथा एक्विजिसनका कारण तीन कम्पनी सूचीकरणबाट हटेका छन् ।

प्रथम सार्वजनिक निष्कासन (आईपीओ)मार्फत बाँकी ४ पेजमा ▸▸

### संक्षेपमा

#### १२० नेपालीलाई आममाफी

**दमक/** संयुक्त अरब इमिरेट्स (यूएई)को जेलमा रहेका १ सय २० जना नेपालीले आममाफी पाएका छन् । ईद अल-अदाहको अवसरमा यूएई सरकारले जेलमा रहेका १ सय २० नेपालीलाई आममाफी दिएको यूएईस्थित नेपाली दूतावासले जानकारी दिएको छ । दूतावासले आममाफी पाएका नेपालीहरू चाँडै स्वदेश फर्कन सक्ने जानकारी दिएको छ । यसअघि पनि यूएईले विभिन्न चाडपर्वको अवसरमा विदेशी नागरिकलाई आममाफी दिँदै आएको छ ।

#### पर्यटन बोर्डका पूर्व सीईओ रेग्मी रास्वपा प्रवेश

दमक । नेपाल पर्यटन बोर्डका पूर्व प्रमुख कार्यकारी अधिकृत (सीईओ) धनञ्जय रेग्मी राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन् । उनलाई बिहीबार रास्वपाले औपचारिक स्वागत गरेको छ । रेग्मीले भने, 'म दुई वर्ष पहिले नै रास्वपासँग जोडिएको थिएँ । आज औपचारिकता मात्रै पूरा भएको हो ।' रेग्मीलाई पार्टीले अहिलेसम्म जिम्मेवारी भने तोकिसकेको छैन ।

#### दलित वडा सदस्यको निधन

उर्लाबारी । मोरङको उर्लाबारी नगरपालिका-२ की दलित महिला वडा सदस्य हेमकुमारी नेपालीको निधन भएको छ । उनको बिहीबार बिहान ८ बजे निधन भएको

## शिक्षक महासंघ फेरी आन्दोलनमा जाने तयारीमा

काठमाडौं । विद्यालय शिक्षा विधेयक जारी नभएपछि नेपाल शिक्षक महासंघले आन्दोलन घोषणा गर्ने तयारी गरेको छ । सरकार र महासंघबीच भएको सहमतिअनुसार , विधेयक जारी नभएपछि आन्दोलनको तयारी गरिएको छ ।

महासंघका महासचिव तुलाबहादुर थापाले यसै विषयमा शुक्रबार पत्रकार सम्मेलन गर्ने बताएका छन् । "असार १५ गतेभित्रै जारी भइसक्नुपर्ने विधेयक हालसम्म जारी भएन । यसै विषयमा भोलि पत्रकार सम्मेलन गर्दैछौं । त्यसपछि हाम्रो केन्द्रीय कमिटी बैठक बसेर आवश्यक निर्णय लिन्छौं," उनले भने ।

गत चैत २० गतेदेखि महासंघले शिक्षा ऐन जारी गर्नुपर्ने माग राखेर काठमाडौंको माइतीघर -बबरमहल-बानेश्वरकेन्द्रित सडक आन्दोलन गरेको थियो । त्यसपछि महासंघसँग गत वैशाख १७ गते ऐन असार १५ गतेभित्र पारित गर्ने प्रतिबद्धतासहित नौबुँदे सहमति भएको थियो ।

शिक्षामन्त्री रघुजी पन्त, एमालेका प्रमुख सचेतक महेश बर्तौला, कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले सो समयभित्र विधेयक पारित गर्ने प्रतिबद्धता जाहेर गरेका थिए । समयमै विधेयक जारी नभएपछि महासंघले साउन २ गते भोलिसम्म 'पर्ख र हेर'को अवस्थामा बस्ने र त्यसपछि चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्ने भन्दै विज्ञप्ति जारी गरेको थियो ।

विधेयक शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमै अड्किएको छ । शिक्षा विज्ञान तथा प्रविधिमन्त्री पन्तले पटकपटक समय माग गरेपछि विधेयक पारित हुन सकेको छैन । पूर्वप्राथमिक शिक्षा (ईसीडी) कार्यकर्तालाई शिक्षक मान्ने/नमान्ने, ईसीडीलाई स्थानीय तहमा राख्ने नराख्ने, आन्तरिक र बाह्य पदपूर्तिको ६०/४० तथा आवधिक बढुवा लगायतका दफाहरूमा सहमति पनि जुट्न सकेको छैन ।

सरकारसँग आफूहरुले विधेयकमा नयाँ कुरा केही नमागेको र पुरानै सहमति तथा प्रतिबद्धताअनुसार विधेयक जारी हुनुपर्ने अडान शिक्षकहरूको छ ।

## कमलका किसानलाई सिचाईमा सुविधा

**दमक/** कमल गाउँपालिकाका किसानले अब वार्षिक सिंचाइ खर्चमा ५० प्रतिशत छुट पाउने भएका छन् । गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा समावेश उक्त निर्णय अनुसार अव यहाँका किसानले सिँचाइ बिलमा सहज सुविधा पाउने भएका हुन् । गाउँपालिकाका कृषि तथा पशु सेवा संयोजक तथा वडा नं. १ का वडाअध्यक्ष केदार कट्वालले यो योजना किसानको उत्पादन लागत घटाउन र कृषिमा प्रोत्साहन दिनका लागि ल्याइएको जानकारी दिए । उनका अनुसार यसअघि ४ महिनाको सिँचाइ बिलमा मात्र ५० प्रतिशत अनुदान दिइँदै आएकोमा अब एकैपटक वार्षिक बिलमै छुट दिने व्यवस्था गरिएको हो ।

कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले कृषि क्षेत्रलाई व्यवसायीकरण बनाउन स्थानीय सरकारले विशेष प्राथमिकता दिदैआएको बताए । उनले भने, 'हामी कृषि क्षेत्रमै आत्मनिर्भर बन्न चाहन्छौं । त्यसका लागि किसानलाई राहत आवश्यक छ । सिंचाइ लागतमा अनुदान दिने कार्यक्रमबाट प्रत्यक्ष रूपमा किसानहरू लाभान्दित हुने छन् ।' बाँकी ४ पेजमा ▸▸

**खुशीको खबर ! खुशीको खबर !**

**डा. केशर बहादुर गुरुङ**

M.B.B.S., MD. Internal Medicine Consultant Physician
(BPKIHS) Dharan (NMC No.7436)

वरिष्ठ प्रेसर, सुगर, पेट, लिभर, थाइराइड, दम तथा मुटुरोग विशेषज्ञ

Spine X Superspeciality Hospital & Trauma Center बिर्तामोडबाट

प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार

**दमक फार्मेसी प्रा.लि.**

दमक-६, थानारोड जेसीज चोक (झापा)

023-571066 |572230 |578000 Mob. 9814982230|9842797703

# सम्पादकीय

## खोलाको पानी कृषिमा प्रयोग गरौं, आकाशको भर नपरौं

असार सकिँदा पनि विगत वर्षको तुलनामा खेती हुन सकेन । असार मसान्त सम्ममा ५८ प्रतिशत मात्रै रोपाईँ भएको तत्थ्यांक कृषि मन्त्रालयले सार्वजनिक गरेको छ । नेपालको पूर्वी पहाड र मधेशका किसान यस वर्ष गम्भीर खडेरीको चपेटामा परेका छन् । विशेष गरी असार महिनामा वर्षा नहुँदा समयमै रोपाइँ हुन सकेन र किसानले आफ्ना खेत बाँझो राख्न बाध्य भए । असार सकिएर साउन लागिसक्दा पनि पर्याप्त वर्षा नहुनु जलवायु परिवर्तनको गम्भीर प्रभावको संकेत हो ।

वर्षेनी यस्तो समस्या दोहोरिरहँदा पनि सिँचाइ प्रणालीको पर्याप्त विकास हुन नसक्नु नीति निर्माताको असफलता हो । सिँचाइको भरपर्दो संरचना अभाव हुँदा कृषक आकासतिर फर्केर वर्षाको आश गर्नुको विकल्प छैन । यस्तो अवस्थाले कृषिमा आधारित अर्थतन्त्रलाई दीर्घकालीन क्षति पुर्‍याउने निश्चित छ । असार सकिँदा पनि पानी नपरेपछि झापासहित पूवी तराईका किसान चिन्तित बनेका छन् । आकासे पानीको भरमा रोपिने खेतहरु त बाँझै रहनु स्वभाविक भएनि पानी लाग्ने साना श्रोतहरुसमेतमा पानी सुक्दै गएका कारण खेत बाँझै रहेका छन् । झापामा अघिल्लो वर्षको तुलनामा खेती हुन नसकेको किसानहरुको गुनासो छ ।

खास गरेर स्थानीय पानीका स्रोतहरुको सहि सदुपयोग हुन सकेको छैन । अजिकैबाट खोला दौडिरहेको हुन्छ तर त्यसकै आसपासमा जग्गा बाँझो देखिन्छ । स्थानीय सरकारले यस्ता कुरामा बढी चासो दिन सक्नुपर्दछ । नजिकमा खोला छ भने बोरिङ गाडेर हुँन्छ वा अन्य वैकल्पिक व्यवस्था गरेर पनि सिंचाईको व्यवस्थापन मिलाउन सकिन्छ भन्ने चेत सबैमा आउनु जरुरी छ । दमककै आसपासमा साना ठूला खोलाहरु बगिरहेका छन । पानी खेर गईरहेको छ तर त्यसलाई कृषिमा कसरी सदुपयोग गर्ने भन्ने चिन्ता र चासो कम भएको छ ।

समयमा खेती नहुँदा उत्पादनमा समेत प्रत्यक्ष असर पर्ने भएकाले आगामी वर्ष खाद्य आयातको ग्राफ बढ्ने निश्चित जस्तै भएको छ । वर्षेनी वद्दो महँगी र आयातको ठूलो हिस्साले कृषिप्रधान देशलाई चुनौती थपिरहेको छ । अबको आवश्यकता भनेको दीर्घकालीन दृष्टिकोणसहितको कृषि नीतिको निर्माण र कार्यान्वयन हो । सरकारले तत्काल खडेरी प्रभावित क्षेत्रमा वैकल्पिक सिँचाइ व्यवस्थापन गर्नुपर्नेछ । स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीच समन्वय गरी कृषि अनुकूल पूर्वाधार निर्माण गर्न ढिला गर्नु हुँदैन । जलवायु परिवर्तनसँग जुध्न सक्षम बनाउने नीतिगत तयारी आवश्यक छ । यदी अहिले पनि आँखा चिम्लिएर बसियो भने, खाद्य संकट मात्र होइन, सामाजिक र आर्थिक असन्तुलन पनि गहिरिने निश्चित छ । यो अवस्था मुलुकको अर्थतन्त्र र सर्वसाधारणको जीवनमा प्रत्यक्ष असर पार्नेछ । रोपाईँ नभएपछि उत्पादन घट्ने निश्चित नै छ । खाद्य मूल्यवृद्धिले महँगी झनै चर्किनेछ, जसको मार अन्ततः निम्न तथा मध्यम वर्गका नागरिकले बेहोर्नुपर्नेछ । खेतीयोग्य जमिनमा पनि पानीको अभाव हुँदा रोपाईँ गर्न नपाउनुको दुरगामी असर मुलुकको खाद्य सुरक्षामा पर्ने देखिन्छ । खडेरीका कारण उत्पादनमा गिरावट आउने निश्चित छ, जसले खाद्यान्नको आयातमा निर्भरता बढाउनेछ । अतः स्थानीय स्तरमा पानीका स्रोतको खोजी र वैकल्पिक माध्यमबाट कृषि सिंचाईको व्यवस्थापनमा ध्यान पुर्‍याउनु जरुरी देखिन्छ ।

# जनताको अपेक्षा र नेताहरूको व्यवहार



✍ रुविना दाहाल

**ठूलो अपेक्षा भनेको विकास र रोजगारी हो। सडक, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन र उद्योग क्षेत्रको विकास मार्फत मुलुकमा समृद्धिको सपना बोकेका छन् आम नागरिकले। तर व्यवहारमा हाम्रा नेताहरूले यस्ता दीर्घकालीन योजनाहरूभन्दा पनि स्वार्थ, पद, र सत्ता सन्तुलनमा बढी समय खर्च गरिरहेका छन्। परिणामस्वरूप सरकारहरू बारम्बार परिवर्तन भइरहेका छन्, तर प्रणालीगत सुधार नहुँदा विकासको गति अत्यन्तै सुस्त छ।**

लोकतन्त्रको मूल अर्थ नै "जनताको शासन, जनताको लागि" हो। जब जनताले नेताहरूलाई मतदानमार्फत सत्तामा पुर्‍याउँछन्, उनीहरूका मनमा अनेकौँ आशा र अपेक्षा पलाउँछन् जस्तै विकास , सुशासन, न्याय, शिक्षा, स्वास्थ्य, रोजगारी, समानता र राष्ट्रिय स्वाभिमान । तर यिनै अपेक्षाको संसार नेताहरूको व्यवहारसँग मेल खाँदैन भने त्यो लोकतन्त्र केवल औपचारिकता मात्र हुन्छ। नेपालको राजनीतिक परिदृश्यमा जनताको अपेक्षा र नेताहरूको व्यवहारबीच गहिरो खाडल देखिन्छ। लोकतन्त्रको अभ्यास सँगसँगै जनताको चेतनास्तरमा उल्लेखनीय वृद्धि भए पनि नेतृत्व तहमा त्यसअनुसारको रूपान्तरण देखिँदैन। जनताले जुन स्तरको सेवा, सुशासन र विकासको अपेक्षा गरेका छन्, त्यो अपेक्षासँग मेल खाने गरी नेताहरूको व्यवहार अझैसम्म देखिएको छैन।

**जनताको अपेक्षा कस्तो त??**

❑ जनताले नेतासँग सबैभन्दा पहिले ईमानदार नेतृत्व चाहन्छन्। त्याग, सेवा, र पारदर्शिता लोकतान्त्रिक नेतृत्वका मूल मूल्यहरु हुन् भन्ने बुझाइ अब धेरै नेपाली नागरिकमा फैलिएको छ। चुनावको समयमा भएका ठूला घोषणा, "समृद्ध नेपाल, सुखी नेपाली" जस्ता नारा, र नीति कार्यक्रमहरूले जनताको मन जिते पनि ती कार्यान्वयनमा लाग्ने इमानदार प्रयत्नको कमीले निराशा बढाएको छ।

❑ नेपाली जनताको अर्को ठूलो अपेक्षा भनेको विकास र रोजगारी हो। सडक, शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन र उद्योग क्षेत्रको विकास मार्फत मुलुकमा समृद्धिको सपना बोकेका छन् आम नागरिकले। तर व्यवहारमा हाम्रा नेताहरूले यस्ता दीर्घकालीन योजनाहरूभन्दा पनि स्वार्थ, पद, र सत्ता सन्तुलनमा बढी समय खर्च गरिरहेका छन्। परिणामस्वरूप सरकारहरु बारम्बार परिवर्तन भइरहेका छन्, तर प्रणालीगत सुधार नहुँदा विकासको गति अत्यन्तै सुस्त छ।

❑ भ्रष्टाचार अर्को त्यस्तो विषय हो जसले जनताको विश्वासलाई गहिरो चोट पुर्‍याएको छ। अधिकांश नेपाली नागरिक नेताहरूलाई केवल भाषण गर्ने र योजनाहरु घोषणा मात्र गर्ने पात्रका रूपमा हेर्न थालेका छन्। सरकारले घोषणा गर्ने नीति र कार्यक्रमहरु कागजमा मात्र सीमित रहन्छन् भने व्यवहारमा केही मुट्ठीभर व्यक्तिहरूको स्वार्थ पूरा गर्ने माध्यम बन्ने गरेको गुनासो सर्वत्र सुनिन्छ।

❑ यसै गरी सुशासन र न्यायको प्रत्याभूति पनि जनताको एक अपेक्षा हो

ठूला घोटालाहरु (जस्तैः बालुवाटार ल्यान्ड स्क्याम, सेक्युरिटी प्रिन्टिङ, यति एयरलाइन्स, सुन काण्ड) मा संलग्नहरु खुलेआम हिँडिरहेका छन्, तर गरिबले न्यायको ढोका कुरिरहनु परेको छ।

**अब नेताहरुको व्यवहार कस्तो त ?**

१. सत्तामोह र गुटबन्दी

राष्ट्रिय सरोकारको विषयमा सहमति जुटाउनुको सट्टा, नेताहरु गुट/उपगुट बनाएर आफ्नो हैसियत जोगाउन व्यस्त छन्।

२. जनसम्पर्कको नाटक

चुनावताका देखिने "जनताको छोरो" पदमा पुगेपछि "सुरक्षा घेराभित्रको राजा" मा बदलिन्छ।

३. बोली भन्दा व्यवहार कमजोर

आदर्श, नीति र दर्शनको चर्चा प्रचुर हुन्छ, तर कार्यान्वयनमा ती शब्दहरु 'कागजको फूल' जस्ता साबित हुन्छन्।

४. आत्मआलोचना र सुधारको अभाव

आफ्ना कमजोरीलाई स्विकार्ने संस्कार नेताहरूमा छैन। आलोचनालाई प्रतिशोधको रूपमा बुझिन्छ।

**हालैका केही यथार्थ परिदृश्यहरूः**

राजनीतिक गठबन्धनहरूको बारम्बार पुनर्संरचनाः

पार्टी विचारभन्दा सत्ता समीकरण प्राथमिक देखिन्छ।

**लोकसेवा र सरकारी नियुक्तिमा हस्तक्षेपः**

योग्य व्यक्तिलाई भन्दा राजनीतिक पहुँच भएका व्यक्तिलाई नियुक्त गर्ने चलनले संस्थागत क्षति पुगेको छ।

योजनामा बजेट छुट्याउने, तर खर्च नगर्ने परम्पराः

हजारौं योजनाहरु बजेटमा आउँछन्, तर कार्यान्वयनमा नगन्य छन्।

**नतिजा के भयो?**

जनतामा राजनीतिप्रति वितृष्णा बढेको छ। मत हालेर पाएको अधिकार निष्क्रियजस्तै लाग्न थालेको छ। विदेशिने युवा, विकाश नपाएको गाउँ, घुस नदिए सेवा नपाउने व्यवस्था। यिनले लोकतान्त्रिक व्यवस्था नै असफलजस्तो महसुस गराइरहेको छ।

आजको युगमा जनतालाई धोका दिन सजिलो छैन। सामाजिक सञ्जाल र सञ्चार माध्यमहरु मार्फत नागरिकहरु सजग र सचेत बन्दै गएका छन्।

यस्तो अवस्थामा यदि नेताहरूले पुरानै शैलीमा राजनीतिलाई स्वार्थपूर्ति गर्ने साधन बनाउँदै लगे भने, त्यो नेतृत्वप्रति जनताको आस्था झनै कमजोर हुँदै जानेछ।नेपाली जनताको अपेक्षा अब परिवर्तन, पारदर्शिता, जवाफदेहिता र स्थायीत्वमा केन्द्रित छ। नेताहरूले केवल भाषण होइन, व्यवहारमै देखाउनुपर्छ कि उनीहरु जनताको सेवक हुन्। नेताको चरित्र बदलिएन भने जनताको सोच बदलिन्छ र त्यो परिवर्तन विद्रोहमा पनि रूपान्तरण हुन सक्छ। अबको आवश्यकता नेताको शब्द होइन, कार्य हो।

## इलाममा आत्महत्याका घटना घटे

इलाम/ इलाम जिल्लामा आत्महत्याका घटनामा कमी आएको तथ्यांक सार्वजनिक भएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा चालु वर्षमा आत्महत्याको संख्या ३० प्रतिशतले घटेका इलाममा आत्महत्याका घटनामा कमी जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

प्रहरी प्रमुख (एसपी) एक नारायण कोइरालाले आˆनो कार्यकालको छोटो अवधिमा देखिएको यस सकारात्मक परिवर्तनलाई महत्वपूर्ण उपलब्धि भएको बताए । प्रहरी कार्यालयको तथ्याङ्क अनुसार, आर्थिक वर्ष २०८०/८१ मा जिल्लाभर १२० वटा आत्महत्याका घटना दर्ता भएका थिए भने चालु वर्ष २०८१/८२ मा घटेर ८४ मा झरेका छन् । आत्महत्या न्यूनीकरणमा देखिएको यो सफलता प्रहरीको सक्रियता, समुदायसँगको समन्वय, र जनचेतनामूलक कार्यक्रमहरूको परिणाम भएको बताइएको छ ।

विशेषतः महिला र बालिकाहरूमा आत्महत्याको घटनामा देखिएको गिरावटले आत्महत्या न्यूनीकरण पहल थप प्रभावकारी बनेको देखाएको छ । प्रहरीले आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना २०८१ अन्तर्गत जिल्लादेखि वडास्तरसम्म कार्यदलहरु गठन गरी सघन कार्यक्रम सञ्चालन गरेको छ । जिल्लाभर ३५० भन्दा बढी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी आत्महत्याका कारण, संकेतहरु र रोकथाम उपायहरूबारे सचेतना फैलाइएको छ ।

त्यस्तै, मानसिक तनाव व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्यालय इलाम परिसरमा कानुनी तथा मनोसामाजिक परामर्श कक्ष स्थापना गरिएको छ । यस कक्षले लागुऔषधसहित पक्राउ परेका व्यक्तिहरु मात्र नभई मानसिक रूपमा कमजोर अवस्थामा रहेका अन्य व्यक्तिहरूलाई पनि परामर्श सेवा दिँदै आएको छ ।

प्रहरी इकाइगत रूपमा हेर्दा, जिल्ला प्रहरी कार्यालय इलामको कार्यक्षेत्रमा २०, इलाका प्रहरी कार्यालय पशुपतिनगरमा १६, इलाका प्रहरी कार्यालय मंगलबारेमा १२, प्रहरी चौकी पेल्टिमारीमा १०, प्रहरी चौकी बन्दुकेमा ४, प्रहरी चौकी दानाबारीमा ४, प्रहरी चौकी किटेनीमा २ र प्रहरी चौकी बाझोमा २ वटा आत्महत्याका घटना दर्ता भएका छन् । यो तथ्याङ्कले जिल्लाभरि नै आत्महत्या रोकथामका प्रयासहरु फैलिएको देखिन्छ ।

## पाथीभरामा एक वर्षमा तीन करोड ११ लाख बढी भेटी

ताप्लेजुङ / पछिल्लो समय विवादमा तानिएको पूर्वको प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरमा एक वर्षको अवधिमा तीन करोड ११ लाख बढी भेटी सङ्कलन भएको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा मन्दिरमा तीन करोड ११ लाख ६४ हजार ६७६ रुपैयाँ भेटी रकम सङ्कलन भएको हो ।



पाथीभरा क्षेत्र विकास समितिले सार्वजनिक गरेको तथ्याङ्क अनुसार सबैभन्दा बढी भेटी वैशाख र चैत महिनामा सङ्कलन भएको छ । वैशाखमा ६० लाख ९० हजार ८१५ रुपियाँ र चैत महिनामा ५० लाख पाँच यस रुपियाँ भेटी सङ्कलन भएको छ । विशेष गरी चैत्र, वैशाख र दसैं तिहारलाई पाथीभरा सिजनको रूपमा लिने गरिन्छ ।

यस्तै साउन महिनामा छ लाख ९१ हजार, भदौमा ११ लाख ३५ हजार ५५५ रुपियाँ, असोज महिनामा सबैभन्दा थोरै चार लाख ११ हजार १५१ रुपियाँ भेटी सङ्कलन भएको थियो । कार्तिकमा ३७ लाख ४४ हजार ६५० रुपियाँ, मङ्सिरमा ४१ लाख १७ हजार रुपियाँ, पुसमा २९ लाख २५ हजार रुपियाँ भेटी सङ्कलन भएको सार्वजनिक तथ्याङ्कमा उल्लेख गरिएको छ ।

माघ महिनामा १० लाख ४० हजार रुपियाँ, फागुनमा १३ लाख तीन हजार पाँच सय रुपियाँ, जेठमा २३ लाख ९५ हजार रुपियाँ र असारमा २३ लाख एक हजार १०५ रुपियाँ भेटी सङ्कलन भएको क्षेत्र विकास समितिले जनाएको छ ।

गत आर्थिक वर्षमा भने ३ करोड ९८ लाख ४१ हजार ९५८ रुपैयाँ भेटी सङ्कलन भएको थियो । समितिका अनुसार तुलनात्मक रूपमा उक्त आर्थिक वर्षको भेटी रकम धेरै देखिनुमा धेरै समय अघिदेखि भण्डारमा थन्किएको रकम सोही वर्षमा नै गणना भएको थियो भने भारु नोट र सिक्काको समेत सटही भएको थियो ।

यस्तै चालू आर्थिक वर्ष २०८१/०८२ मा दुई लाख बढी भक्तजन पुगेका छन् । पाथीभरा क्षेत्र विकास समितिले आज सार्वजनिक गरेको विवरण अनुसार २ लाख १७ हजार ८७६ जना भक्तजनले पाथीभराको दर्शन गरेका हुन् ।

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार गत वर्षको तुलनामा यस वर्ष दर्शनार्थीको सङ्ख्या केही घटेको छ । अघिल्लो आर्थिक वर्ष २०८०-०८१ मा २ लाख ३१ हजार ३३४ जना भक्तजनले पाथीभराको दर्शन गरेका थिए । यो वर्ष दर्शनार्थीको सङ्ख्या घट्नुमा निर्माणाधीन पाथीभरा केबुलकारका कारण उत्पन्न विवादले भएको बन्द लगायतका कारण बने ।

आर्थिक वर्ष २०८१-०८२ मा सबैभन्दा धेरै दर्शनार्थी कार्तिक महिनामा आएका थिए । जसमा ६१ हजार १७३ जना भक्तजनले मन्दिरको दर्शन गरेका थिए । आर्थिक वर्षको सुरुवाती समय साउन महिनामा भने सबैभन्दा कम १ हजार ९५५ जना मात्र आएका थिए ।

## चार जनामाथि आत्महत्या दुरूत्साहन मुद्दा

अर्जुनधारा । झापा अर्जुनधाराकी गंगा राईको मृत्यु प्रकरणका सम्बन्धमा चार जनामाथि आत्महत्या दुरूत्साहन मुद्धामा कार्वाही अगाडि बढाइएको छ ।

सामूहिक कुटाईबाट मृत्यु भएको पुष्टि नभएपछि उनीहरूमाथि आत्महत्या दुरूत्साहन मुद्धा दर्ता गरिएको हो । गत असार २४ गते राति अर्जुनधारा ४ भाङवारी घर भई हाल वडा नं ८ शनिश्चरे क्याम्पसनजिक प्रकाश गिरीको घरमा डेरा गरी बस्ने २२ वर्षीया राईको मृत्यु भएको थियो । सो घटनाका सम्बन्धमा भोजपुर रामप्रसादराई गाउँपालिका वडा नम्वर ६ वैकुण्ठे घर भई अर्जुनधारा वडा न.८ बस्ने विश्व चौधरीको घरमा डेरा गरी बस्ने वर्ष ३१ वर्षीय रमेश भुसाल , उनकी श्रीमती ३२ वर्षीया सुस्मिता भुसाल , सोही ठाउँ बस्ने ५४ वर्षीया मैया भनिने डम्बरकुमारी श्रेष्ठ र २४ वर्षीया मेनुका पाँचकोटेलाई पक्राउ गरी आत्महत्या दुरूत्साहनको मुद्धा दायर गरिएको हो ।

असार २५ गते पक्राउ परेका उनीहरूमाथि अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले जानकारी दिए ।

## स्ववियु सभापतिको दराजमा खुकुरी फेला परेपछि...

विराटनगर : विराटनगरस्थित महेन्द्र मोरङ क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापतिको कार्यकक्षको दराजमा दुई थान खुकुरी फेला परेपछि प्रहरीले अनुसन्धान सुरु गरेको छ ।

विद्यार्थीहरूबीच खुकुरी भेटिएको विषयमा चर्को चर्चा र होहल्ला भएपछि प्रहरीले तत्कालै स्ववियु भवनमा पुगेर छानबिन गरेको हो । प्रहरी निरीक्षक अप्रिल चापागाईंको नेतृत्वमा रहेको टोलीले खुकुरी फेला पारेको जनाएको छ। चापागाईंका अनुसार भीडभाडको समयमा एक विद्यार्थीले ती खुकुरी दुई व्यक्तिसँग सम्बन्धित भएको बताएकी थिइन् ।


**A-One इटाको नयाँ उत्पादन बजारमा**

अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।

भट्टा सम्पर्क : विष्णु कार्की ९८५२६७०३०५/९८०२६२६५५/९८१६३१३२७१

म्यानेजर ९८०२६२६६४०

दमक सम्पर्क : लुसन कार्की ९८०२६२६६२८/९८५२६२६६२८

**तु-घडेरी बिक्रीमा**

दमक–५ हरिहोम कोलेनीभित्र हिमशिखर टेलिभिजनदेखि १०० मिटर पूर्व १७ धुर आकर्षक घडेरी तु–बिक्रीमा छ । इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सिधा सम्पर्कका लागि Call : 9814004752

**झापा डाइग्नोस्टिकको सेवा**

रेडियोलोजिष्टको क्षेत्रमा लामो अनुभव प्राप्त गरी भरपर्दो सेवा प्रदान गर्दै आउनु भएका चिरपरिचित डा. तिलकचन्द्र शाहको भिडियो एक्सरे क्लिनिक (झापाडाइग्नोस्टिक) हिमाल फार्मेसीबाट दमक प्रहरी थाना अगाडि इसा कम्प्लेक्समा सरेको आम सेवाग्राहीमा जानकारी गराउँदछौं ।

: सम्पर्क नम्बर: ९७०४५४४८९९/०२३-५७७४१४

अत्याधुनिक प्रविधिद्वारा उत्पादित **नयाँ झापाली इटा बजारमा**

झापाली इटा

ठूलो साइजको ईटा

सम्पर्कका लागि: दमक: ०२३-५८०९१४
जनक कार्की : ९८५२६७०१७४/९८०१४०१४४१
भगवान बस्नेत : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

## प्रविधि

# विस्थापनको सँघारमा इन्टरनेट सिकाउने ‘थ्रिजी’




**विश्वास रेग्मी**

मोबाइलमा उच्च गतिको इन्टरनेट सुविधा सुरुवात गरेको दूरसञ्चारको तेस्रो पुस्ता (थर्ड जेनेरेसन) प्रविधि अर्थात् ‘थ्रिजी’ नेपालबाट विस्थापन हुने अवस्थामा पुगेको छ। चल्तीको फोरजी प्रविधिमा अत्यधिक लगानी गरेका दूरसञ्चार सेवाप्रदायकले थ्रिजीको लगानी घटाउँदै क्रमशः यो सेवा बन्द गर्ने तयारी गरेका हुन् ।

मोबाइलबाटै पहिलो पटक भिडियो कल, ब्राउजिङ, जिपिएस जस्ता सुविधा दिएको थ्रिजीका प्रयोगकर्ता तीव्र रूपमा घट्दा यो विस्थापनको नजिक देखिन्छ। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार एक वर्षकै अन्तरमा थ्रिजी प्रयोग गर्नेको संख्या ६५ लाखले घटेको छरु। २०८१ जेठमा ७३ लाख ७० हजार थ्रिजी प्रयोगकर्ता रहेकोमा २०८२ जेठमा तीव्र रूपमा घटेर जम्मा आठ लाख ७० हजार कायम भएको प्राधिकरणको तथ्याङ्क छ ।

यसमध्ये निजी क्षेत्रको दूरसञ्चार सेवाप्रदायक एनसेलका थ्रिजी प्रयोगकर्ताको हिस्सा अत्यन्त कम छ। जेठसम्म एनसेलका केवल एक लाख १५ हजार थ्रिजी प्रयोगकर्ता छन्रु। सो अवधिसम्म टेलिकमका साढे सात लाख थ्रिजी प्रयोगकर्ता रहेको तथ्याङ्कले देखाउँछ । एक वर्षको अन्तरमा टेलिकमका थ्रिजी प्रयोगकर्ताको सङ्ख्या अत्यधिक रूपमा घटेको तथ्याङ्कले चित्रण गर्छ । २०८१ जेठमा टेलिकमका ५६ लाख ४३ हजार थ्रिजी प्रयोगकर्ता रहेकोमा एक वर्षमै ४९ लाखले त्यस्ता प्रयोगकर्ता घटेको देखिन्छ ।

**थ्रिजी विस्थापित गर्दै सेवाप्रदायक**

दूरसञ्चार प्रविधिमा निरन्तर आइरहेको परिवर्तनका कारण सेवाप्रदायक अहिले पुरानो बनेको थ्रिजी प्रविधिलाई विस्थापित गर्ने योजनामा छन्रु। एकातिर फोरजी प्रविधिमा बढ्दो लागत र अर्कोतिर पुरानो प्रविधिमा थपिरहनुपर्ने खर्च तथा घट्दो आयलाई कारण देखाउँदै सेवाप्रदायक यो प्रविधि बन्द नै गर्ने तयारीमा छन् । निजी क्षेत्रको दूरसञ्चार सेवाप्रदायक एनसेलले यसअघि सार्वजनिक रूपमै थ्रिजी बन्द गर्ने योजना सार्वजनिक गरिसकेको छ। हालै एनसेलले सन् २०२५ भित्रै थ्रिजी नेटवर्क बन्द गर्ने घोषणा गरेको छ । देशैभर फोरजी प्रविधि विस्तार भइसकेको अवस्थामा पुरानो नेटवर्क बन्द गर्ने कम्पनीको योजना रहेको एनसेलले जनाएको छ ।

सरकारी स्वामित्वको नेपाल टेलिकमले औपचारिक रूपमै थ्रिजी बन्द गर्ने घोषणा नगरे पनि पुरानो प्रविधिमाथिको निर्भरता र लगानी घटाउने रणनीति लिएको छरु। हाल कायम रहेका थ्रिजी प्रयोगकर्तालाई पनि फोरजी प्रविधि उपयोगमा आकर्षित गरिरहेको टेलिकमले व्यवसाय बढाउन पनि नयाँ प्रविधिको प्रयोगमा जोड दिइरहेको छ ।

त्यसो त फोरजीका लागि अर्बौं रकम खर्च गरिसकेको अवस्थामा पुरानो प्रविधिको प्रयोग सेवाप्रदायकका लागि व्यावसायिक रूपमा प्रत्युत्पादक बन्ने देखिन्छ। फोरजीका लागि नेपाल टेलिकमले मात्रै २२ अर्ब रुपियाँभन्दा बढी खर्च गरिसकेको छ भने एनसेलले यसमा सुरुवाती रूपमा १० अर्ब रुपियाँभन्दा बढी खर्च गरिसकेको छ। नेटवर्कको मर्मतसम्भार तथा व्यवस्थापनमा प्रत्येक वर्ष सेवाप्रदायकले थप खर्च गर्नुपर्ने हुन्छ।

प्राधिकरणका अनुसार अहिले नेपाल टेलिकमको फोरजी प्रयोग गर्नेको सङ्ख्या एक करोड ३९ लाख पुगेको छ। त्यस्तै एक करोड १६ लाखले एनसेलको फोरजी प्रयोग गर्छन्रु। टेलिकम र एनसेलले देशको सबै स्थानीय तहमा फोरजी पुगेको घोषणा गरेका छन् ।

## साहित्य-कविता

### शब्दसँगै हराउने मान्छे !



✍ **ओमप्रकाश गौतम**


जीवनकालको धेरै बर्ष भएछ
शब्दसङ्गै हराउन थालेको
त्यसैले त म
शब्दसङ्गै हराउने मान्छे
कसैसङ्ग शब्द सापटी नगर्ने
अपराजित मनलाई चिथोर्ने
गम्भीर , व्यापक र जटिल
सबैको अर्थ बुझेर छेड हान्ने
अरूको आशा र भरोसामा
जीवनमै नबाच्ने अनौठो
अजिवको शब्द खोज्ने
एक श्रमिक मान्छे हो यो
कसैसङ्ग नझुक्ने
हातै नथाप्ने
चोसोमोसो नमिलाउने
चटक नदेखाउने
सबैको हाउगुजी हुने
एक चिन्तन कर्मयोगी
समयको घण्टीमै दगुर्ने
स्वतन्त्र कलमको आवाज
जनजनमा मुखरित गर्ने
हठी र सहयोगी मन भएको
कुरा काट्नेहरूलाइ मार्ग दिने
शब्द - शब्दमा जीवन खोज्ने
हराएका आवाज उठाउने
पलपल चिन्तन गरेर लेख्ने
तमकका लागि मरिहत्ते गर्ने
गेरू बस्त्र ओढेकाहरूलाइ
थर्काउने एक मान्छे
शब्दसङ्गै हराउने मान्छे !!!

## पुस्तक साभार



### नेपालको इतिहास र समाज अध्ययन

✍ डा. सूर्यमनि अधिकारी




### प्राचीन नेपाल

**क्रमागत.....**

### किराँतकाल

किराँतहरु नेपालका प्राचीनतम जातिमध्येमा पर्दछन्। अहिलेका राई, लिम्बू आदि प्राचीन किरात जातिका शाखा सन्तानमध्येका मानिन्छन् । प्राचीन पौराणिक ग्रन्थहरुमा किरातहरूलाई वीर लडाकू जातिका रुपमा वर्णन गरिएको पाइन्छ । पौराणिक ग्रन्थहरूले उनीहरूलाई हिमालय पर्वतमालाको दक्षिण पार्श्वमा पहाडी भू-भागमा बसोवास गर्ने जातिहरूका साथमा उल्लेख गरेका छन्। गोपाल वंशावली र भाषा बंशावलीहरूले नेपालमा आभीरवंशी (गोपाल तथा महिषपाल) राजालाई हराई किरातहरूले आˆनो राज्य स्थापना गरेका र पछि लिच्छविहरूले किरातहरूलाई हराएर लिच्छवि राज्य स्थापना गरे भनेका छन्। किरातकालका कुनै अभिलेख अहिलेसम्म पाइएका छैनन् तथापि लिच्छविकालका अभिलेखहरुबाट किरातकालका बारेमा केही जानकारी पाउन सकिएको छ ।

किरात राजाहरु गोपाल वंशावलीले नेपालमा ३२ जना किरात राजाहरूले राज्य गरेको बताएको छ । उनीहरुको कुल राज्यावधि १९६३ वर्ष ८ महिना उल्लेख गरिएको छ। तर यो अवधि अतिशायोक्तिपूर्ण छ किनभने चलनअनुसार प्रत्येक राजाको राज्यावधि २० वर्ष मान्ने हो भने पनि यो अवधि ६४० वर्षभन्दा बढी हुन सक्तैन ।

यलम्बर- नेपालमा किरात राज्यका संस्थापक यलम्बर थिए। यिनलाई गोपाल वंशावलीको यलम् मात्र लेखेको छ। आभीरवंशका महिषपाल राजा भुवनसिंहलाई हराएर यिनले किरात राज्यको स्वापना गरे भनिएको छ। यिनैका नामबाट पाटनको पुरानो नाम ‘यल’ रहेको मानिएको छ । इन्चोकमा प्रदर्शन गरिने आकाशभैरवको शिरलाई यलम्बरको मुर्ˆ मानेर पुजिन्छ । यलम्बरलाई महादेवका अवतार मान्ने गरिएको उल्लेख पनि पाइन्छ । हुमति- गोपाल वंशावलीअनुसार यिनी सातौं किरात राजा थिए । यिनलाई महाभारतको युद्धताकाका बताइएको छ । यिनका समयमा अर्जुन धनुर्विद्या सिक्न आएको प्रसङ्ग पाइन्छ ।

जितेदास्ति- गोपाल वंशावलीमा दिइएको क्रमअनुसार यिनी बाहौँ किराती राजा थिए । यिनका पालामा बुद्धका शिष्य आनन्द बौद्ध धर्म प्रचारका लागि उपत्यकामा आएका थिए । स्बुष्ङ्गो गोपाल वंशावलीमा यिनलाई बुझे भनिएको छ र एक्काइसौं क्रममा यिनको नाम छ । भाषा वंशावलीमा यिनका पालामा भारतका मौर्य सम्राट् अशोक नेपाल आएको उल्लेख गरिएको छ तापनि अशोक इसापूर्व २५३ मा गौतम बुद्धको जन्मस्थलको दर्शन गर्न लुम्बिनीसम्म आएका थिए । क्रमश...

## सौन्दर्य र स्वास्थ्य

# मुखको दुर्गन्ध हटाउने उपाय



१. मुखको दुर्गन्धबाट बच्न मौखिक स्वच्छतामा ध्यान दिनुपर्छ । दिनमा दुई पटक बिहान र साँझ ˆलोराइडयुक्त टुथपेस्टले दाँत माझ्नुपर्छ । जिब्रो क्लिनर वा टूथब्रशले जिब्रोको पछिल्लो भाग सफा गर्नुपर्छ । दाँतको बीचमा अड्किएको खाना हटाउन डेन्टल ˆलस प्रयोग गर्नुपर्छ ।

२. हरेकपटक खाना खाइसकेपछि राम्रोसँग मुख कुल्ला गर्नुपर्छ । कसैमा मुखको दुर्गन्ध अत्याधिक छ भने त्यो दुर्गन्ध कम गर्न माउथ फ्रेसर, माउथ वास प्रयोग गर्न सकिन्छ । तर यो समस्याको समाधान भने होइन । दाँतलाई राम्ररी सफा गरिसकेपछि मात्र माउथ वासको प्रयोग गर्ने गर्नुपर्छ ।

३. दिनमा २-३ लिटर पानी पिउनपर्छ, जसले मुख सुख्खा हुनबाट जोगाउँछ र मुखको दुर्गन्धबाट बचाउँछ । हरियो सागपात, गाजर, स्याउ जस्ता फाइबरयुक्त खानेकुरा खानुपर्छ जसले दाँत स्वाभाविक रुपमा सफा गर्छ ।

४. भिटामिन सी युक्त खानेकुरा सुन्तला, कागती, अमला आदिले ब्याक्टेरिया कम गर्छ । दही वा प्रोबायोटिक्स युक्त खानाले पाचन सुधार्छ र मुखमा गन्ध कम गर्छ ।

५. धूम्रपान र सुर्तीजन्य पदार्थ त्याग्नुपर्छ, साथै नियमित व्यायाम र स्वस्थ जीवनशैली अपनाउनुपर्छ ।

साथै, समस्या लामो समयसम्म रहिरहन्छ भने दन्त चिकित्सक वा विशेषज्ञसँग जाँच गराउनुपर्छ । यदि गिजाको रोग, दाँतको सडन, वा अन्य समस्या छ भने दन्त चिकित्सकलाई भेटेर उपचार गर्नुपर्छ । यदि दुर्गन्ध लगातार रहिरहन्छ भने मधुमेह, पाचन समस्या, वा अन्य रोगको जाँच गराउनुपर्छ । वर्षमा दुईपटक दन्त परिक्षण गराउनुपर्छ । दाँत किराले खाएको अर्थात् क्याभिटी (खोबिल्टो) बनेको छ भने त्यसको उपचार तत्कालै गरिहाल्नुपर्छ । दाँतमा क्याभिटी बनेमा स्वास गन्हाउने समस्या बढी हुन्छ ।

## अर्थ/वाणिज्य

# ११ महिनामा दुई खर्बको यात्रा

दमक/ घुमघाम गर्ने र विदेशको रमाइलो चुम्नेहरूले मात्र ११ महिनामा दुई खर्ब खर्चेका छन् । विदेश यात्राका लागि नेपालीले ११ महिनामा मात्रै दुई खर्ब रूपियाँ खर्चिएका छन् । शिक्षा, रोजगारी तथा घुमघाम जस्ता उद्देश्यका लागि हुने यस्तो खर्च अहिलेसम्मकै सर्वाधिक हो ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिना अर्थात् जेठसम्म शैक्षिक यात्राका लागि सबैभन्दा बढी रकम बाहिरिएको छ । सो अवधिमा एक खर्ब २४ अर्ब ७९ करोड रूपियाँ शैक्षिक यात्राका लागि बाहिरिएको छ ।

अध्ययनका लागि बाहिरिने नेपाली विद्यार्थीले यात्रा उद्देश्यका लागि गर्ने खर्च यस्तो शीर्षकका समेटिन्छ । गत आवको सोही अवधिमा शैक्षिक यात्राका लागि एक खर्ब ११ अर्ब ४६ करोड रूपियाँ बाहिरिएको केन्द्रीय बैंकको तथ्याङ्क छ ।

त्यस्तै घुमघाम, वैदेशिक रोजगारीको उद्देश्यसहितको यात्राका लागि ११ महिनामा नेपालीले ७४ अर्ब ७२ करोड खर्चिएको देखिन्छ । अन्य शीर्षकमा राखिएको यस्तो खर्च गत आवको सोही अवधिमा ५२ अर्ब ६८ करोड रूपियाँ थियो । त्यस्तै उपचारका लागि बाहिरिने नेपालीले ४७ करोड रूपियाँ वैदेशिक यात्रामा खर्चिएको तथ्याङ्कले देखाउँछ जबकि गत आवमा यस्तो दुई अर्ब ५८ करोड रूपियाँ थियो ।

**नेपाल भित्रिने पनि बढ्यो**

नेपालीले वैदेशिक यात्रामा खर्चिएको रकम मात्र बढेको छैन यात्राकै लागि नेपाल भित्रिने रकम पनि बढेको छ । ११ महिनासम्म यात्रा शीर्षकमा नेपालमा ८२ अर्ब रूपियाँ भित्रिएको छ जुन गत आवको सोही अवधिको तुलनामा साढे छ अर्ब रूपियाँले बढी हो ।

गत आवको जेठसम्म ७५ अर्ब ५२ करोड रूपियाँ यात्रा शीर्षकमा नेपाल भित्रिएको थियो । जसमध्ये विदेशी पर्यटक नेपाल भित्रिएबापत ७७ अर्ब ९६ करोड रूपियाँ भित्रिएको देखिन्छ । समीक्षा अवधिमा १० लाख ७८ हजार पर्यटक नेपाल भित्रिएका छन् ।

शैक्षिक प्रयोजनको यात्राबापत तीन अर्ब ७० करोड रूपियाँ भित्रिँदा उपचारको उद्देश्यका लागि नेपाल आउनेले ३५ करोड रूपियाँ खर्च गरेको तथ्याङ्कले देखाउँछ ।

## कृषि/व्यवसाय

### बाँझो जमिनमा ६ हजार केजी आलु उत्पादन, बिक्रीका लागि कोसेली घर सञ्चालन

# आलु पछि तुरुन्तै रैथाने तीते फापर लगाईने

खोटाङ । जन्तेढुङ्गा गाउँपालिकाका किसानले बाँझो जमिन उपयोग गरेर छ हजार केजी आलु उत्पादन गरेको छ । आलुखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ मा उपलब्ध गराएको रू १५ लाख सशर्त बजेटमध्ये रू सात लाख लगानी गरेर गाउँपालिकाले यस वर्ष छ हजार केजीभन्दा बढी आलु फलाएको हो ।



गाउँपालिकाले वडा नं ४ डम्बर्खुशिवालयको भञ्ज्याङखर्कमा रहेको करिब ६१ रोपनी सार्वजनिक बाँझो उपयोग गरेर गत फागुनमा आलुखेती लगाएको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी स्थानीयवासीले यही असार १२ देखि २७ गतेसम्म लगाएर गाउँपालिकाले रोपेको आलु खनिएको गाउँपालिकाका रोजगार शाखा प्रमुख विज्ञान राईले जानकारी गराए ।

उत्पादित आलुलाई गाउँपालिकाले चिसापानी बजारमा सञ्चालन गरेको कोसेली घरमा भण्डार गरिएको छ । कोसेली घरमा भण्डारण गरेर राखिएको आलु उपभोक्तालाई बिक्री गर्न गाउँपालिकाले असार १८ गतेदेखि सुपथ मूल्यको पसल खुला गरेको छ ।

स्थानीय राजस्व परामर्श समितिको यही असार १६ गते बसेको बैठकले आलुको मूल्य प्रतिकेजी रू ५५ निर्धारण गरेर कोसेली घरबाटै तोकिएको मूल्यमा सुरू गरिएको गाउँपालिकाका उपप्रमुख खेमबहादुर खड्काले बताए । “भण्डारण गरिएको आलु कृषि शाखाबाट कुपन लिएर आउने ग्राहकलाई कुपनका आधारमा बिक्री गर्ने व्यवस्था मिलाइएको छ । हालसम्म एक हजार १०६ केजी आलु बिक्री भइसक्यो”, उनले भने, “आलु बिक्रीबाट आएको आम्दानीलाई गाउँपालिकाको आन्तरिक स्रोतमा जम्मा गर्ने योजना बनाएका छौँ । बाँझो जमिन उपयोग गरेर सुरू गरिएको आलुखेती प्रवर्द्धन कार्यक्रमले उत्पादनमा जोड दिनुपर्छ भन्ने सिकाइ भएको छ ।”

आलुखेती प्रवर्द्धनअन्तर्गत कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारी मन्त्रालयले उपलब्ध गराएको रू १५ लाख बजेटमध्ये रू आठ लाखमा ११ टन आलुको बीउ खरिद गरेर किसानलाई निःशुल्क वितरण गरिएको गाउँपालिकाले जनाएको छ । किसानको मागका आधारमा गाउँपालिकाले निःशुल्क आलुको बीउ वितरण गरेपछि बाँकी रहेको रू. सात लाख बजेटका साथै जनप्रतिनिधि, कर्मचारी र स्थानीयले श्रमदान गरेर बाँझो जमिन रहेको भञ्ज्याङखर्कमा आलुखेती लगाएको हो ।

वर्षौंदेखि बाँझिएर उपयोगविहीन भएको सार्वजनिक जग्गा फोरेर आलुखेती लगाउनका लागि गाउँपालिकाको दुईवटा मिनीटिलर प्रयोग गरिएको थियो । यस्तै, बाँझो जमिन खन्न, आलुको बीउ रोप्न र फलेको आलु निकाल्नका लागि खन्न प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी स्थानीयलाई परिचालन गरिएको थियो ।

गाउँपालिकाले सञ्चालन गरेको आलुखेतीमा रू तीन लाख बराबरको श्रमदान जुटाइएको गाउँपालिका प्रमुख अरूणादेवी राई ‘दीक्षा’ले जानकारी गराईन् । “भञ्ज्याङखर्कमा खुमल सेतो प्रजातिको र स्थानीय जातको आलु रोपिएको थियो, आलुसँगै मकैखेती पनि लगाइएको छ”, उनले भनिन्, “उत्पादित आलुलाई ग्रेडिङ गर्दै सानासाना दानालाई भने बीउका रुपमा राख्छौँ । आलुको बीउलाई चिसापानीमै निर्माण गरिएको आगामी साउनदेखि सञ्चालनमा आउने चिस्यान केन्द्रमा भण्डार गर्ने तयारी गरिएको छ ।”

छिमेकी जिल्ला भोजपुरको सिमानामा रहेको ठूल्ठूला घाँसेमैदान रहेको भञ्ज्याङखर्कमा आगामी आर्थिक वर्ष पनि आलुखेती लगाउने योजना बनाइएको गाउँपालिकाले जनाएको छ । आलुखेतीका लागि मल उत्पादन गर्न वडा कार्यालय डम्बर्खुशिवालयले भैँसी खरिदका लागि बजेटसमेत विनियोजन गरेको छ ।

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने यो गाउँपालिकाले कृषि उत्पादनलाई पहिलो प्राथमिकतामा राखेर १७औँ गाउँसभाबाट आव २०८२र८३ का लागि नीति, कार्यक्रम तथा बजेट पारित गरेको छ । निर्वाहमुखी खेती प्रणाली अपनाउँदै आएका स्थानीय नागरिकलाई प्रोत्साहन रकम उपलब्ध गराउँदै व्यावसायिक कृषि प्रणालीमा लैजान उत्पादनमा जोड दिने किसिमको नीति तथा कार्यक्रम बनाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनय निरौलाले जानकारी गराए । रासस

## दैनिक राशिफल

आज मिति २०८२ साल साउन ०२ गते शुक्रबार
18 July. 2025
तिथि: अष्ठमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | धोका मिल्ने एवम खर्च बढ्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | आर्थिक लाभ एवम् आत्मविश्वास बढ्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | आफन्तको सहयोग एवम् कार्य सफलता । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | मनमा अशान्ति एवम् अनावश्यक भ्रमण । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | शारीरिक कष्ट एवम् धन खर्च । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कार्यबाट लाभ एवम् पारिवारिक सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | शत्रु परास्त एवम् भाईबैनीको सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | कार्य सफलता एवम् मनमा शान्ति । |
| धनु | य यो भा भी भ धा फा ढ भे | अशान्ति छाउने एवम् धन खर्च । |
| मकर | भो जा जी खि खू खे खो गा गी | शत्रु बढ्ने एवम् कार्यनाश । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धन लाभ एवम् कार्य सफलता । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | कृषिबाट लाभ एवम् बौद्धिक विकास । |

# विपद्बाट ५३ जनाको मृत्यु, २२ बेपत्ता

**दमक/** गत वैशाखदेखि असारसम्मको तीन महिनामा दुई हजार ६५ वटा विपद्जन्य घटना भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यो वर्षको तीन महिनामा ती विपद्जन्य घटनामा परेर ९३ जनाको मृत्यु भएको छ भने २२ जना बेपत्ता भएका छन् ।

प्राधिकरणका प्रवक्ता एवं उपसचिव सुरेश सुनारका अनुसार ती घटनामा परेर विहिबारसम्म चार सय ४५ जना घाइते भएका छन्। उनले ती घटनामा परेर चार हजार १३६ परिवार प्रभावित भएका जानकारी दिए ।

प्राधिकरणले सार्वजनिक गरेको पछिल्लो तीन महिनाको विवरणअनुसार बाढीका मात्रै एक सय ३७ घटना भएकामा ती घटनाबाट १३ जनाको मृत्यु र २२ जना बेपत्ता भएका छन्।

केही दिनअघि गत असार २४ गते रसुवा भोटेकोशीमा आएको बाढीले सबैभन्दा बढी मानवीय क्षति गराएको थियो । माथिल्लो क्षेत्रमा भएको हिमताल विष्फोटबाट उक्त घटना भएको थियो।

स्तै, पहिरोका एक सय ७५ घटनामा छ जनाको मृत्यु भएको छ । चट्याङ्बाट २६, आगलागीबाट १४, जनावरको आक्रमणबाट १२ र लेक लागेर ११ जनाको मृत्यु भएको प्रवक्ता सुनारले जानकारी दिए । अन्य हावाहुरी, सर्पदंश, भारी वर्षाबाट पनि मानवीय क्षति भएको प्राधिकरणले जनाएको छ ।

बाढीबाट मात्रै एक हजार २४६ तथा आगलागीबाट एक हजार ४८ परिवार प्रभावित भएका छन्। पहिरो, चट्याङ्, भारी वर्षा, सर्पदंश, हावाहुरी, वन डढेलो, सर्पदंशलगायत घटनाबाट सयौँ परिवार प्रभावित भएका जनाइएको छ ।

# कन्काई धाममा बोलबम लक्षित रुद्राभिषेकसहित पुजाअर्चना गरिने

**कन्काई** /झापाको कन्काई नगरपालिका-४ स्थित कन्काई धाममा श्रावणी पर्वको अवसरमा बोलबम लक्षित रुद्राभिषेक तथा विशेष पूजाआर्चना गरिने भएको छ ।

कन्काई धाम धार्मिक विकास संस्थाको आयोजनामा श्रावण महिनाको विषेश अवसरमा रुद्राभिषेक तथा पूजाआर्चना कार्यक्रम गर्न लागिएको धाम परिसरमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा धामका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक प्रकाश थापाले जानकारी दिए ।

कन्केश्वर महादेवको पवित्र मन्दिर रहेको कन्काई धामले नेपाल, भारत, भुटान लगायत देश-विदेशका श्रद्धालु भक्तजनलाई आध्यात्मिक शान्तिको अनुभूति गराउँदै आएको बताउँदै धामकका अध्यक्ष शेरबहादुर थापाले यस वर्ष पनि बोलबम पर्वलाई लक्षित गरी विभिन्न कार्यक्रम गर्न लागिएको बताए ।

पवित्र कन्काई नदीबाट जल ल्याएर कनकेश्वर शिवलिङ्गमा जलार्पण गर्ने, ब्राह्मण तथा बटुकहरुद्वारा वैदिक विधिमा रुद्राभिषेक, रुद्री पाठ, हवन तथा विशेष पूजन गरिने, साँझ ६ बजे कन्काई आरती तथा प्रसाद वितरण गरिने, स्थानीय कलाकार तथा भजन मण्डलीद्वारा भजन-कीर्तन, कार्यक्रम अवधिभर शिव स्तुति तथा मन्त्रोच्चारण गरिने कार्यक्रम रहेको कार्यक्रम संयोजक थापाले बताए ।

पत्रकार सम्मेलनमा स्वागत मन्तव्य राख्नुहुँदै धामका वरिष्ठ उपाध्यक्ष निर्मल कुमार खतिवडाले भगवान शिवको प्रिय महिनाको रुपमा रहेको साउन महिनामा विशेष पूजा आर्चना गर्न लागिएको बताए ।

धामका अध्यक्ष थापाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन कार्यसमिति सदस्य धनपति चापागाईले गरेका थिए । योपटक करिब ५० हजार भक्तजनहरूले कोटि होमको दर्शन गर्ने आयोजकले अनुमान गरेको छ। कन्काई धार्मिक विकास संस्थाले साउन महिनामा आएर जल चढाउन तथा प्रत्येक सोमबार हुने कन्काई आरतीमा सहभागी भइदिनेका लागि सम्पूर्ण भक्तजनहरुमा अनुरोध समेत गरेको छ ।

पत्रकार सम्मेलनमा धामकी पर्यटन उपाध्यक्ष अम्बिकादेवी खरेल, महासचिव दिनानाथ खतिवडा, सचिव यामनाथ खतिवडा, कोषाध्यक्ष मान बहादुर पौडेललगायतको उपस्थिति रहेको थियो ।

***बालेन...*** संकलन भइरहेको छ। जसअन्तर्गत हालसम्म ४६ लाख १२ हजार ६ सय ३७ रुपैयाँ मात्र संकलन भएको उनले बताए ।

'यो महँगो अभियान हो । एउटा अपिल छाप्नका लागि २ रुपैयाँ ९० पैसा लाग्छ । हामीले ५ लाख अपिल र २ लाख हस्ताक्षर संकलन फारम छापेर पठाएका छौं । १० लाख अपिल र ५ लाख हस्ताक्षर संकलन फारम छाप्न प्रेसमा दिएका छौं । बोहोराले भने, 'हालसम्म २४ लाख ५७ हजार ६ सय १८ जनाले हस्ताक्षर गरिसकेका छन् । अहिले पनि हस्ताक्षर गर्ने क्रम चलिरहेको छ ।' रास्वपाले असार ७ गतेदेखि अभियान सुरु गरेको थियो । यो अभियान कम्तीमा एक सय दिन चल्ने बताएको छ ।

हालसम्म प्रदेश, जिल्ला र पालिकास्तरीय समितिले अभियानको नेतृत्व गरेका छन् । साउन ५ गते वडा समितिले अभियानलाई जनस्तरसम्म पुऱ्याउन घरदैलो गर्नेछन् । अब नेपाल-भारत सीमा नाकाका मुख्य बिन्दु (काँकडभिट्टा, रक्सौल, जोगवनी, बेलहिया, जमुनाह, गड्डाचौकीलगायत), विभिन्न विमानस्थल, बसपार्क र बढी सार्वजनिक आवागमन हुने क्षेत्रमा ऐक्यबद्धता डेस्क सञ्चालन गरिने रास्वपाले जनाएको छ ।

**हालसम्म कहाँबाट कति हस्ताक्षर ?**

हालसम्म संकलित विवरणअनुसार कोशी प्रदेशबाट एक लाख ६६ हजार ८६१ हस्ताक्षर जुटेका छन् । यस्तै मधेसबाट २० हजार ५०५, बागमतीबाट ६ लाख ३९ हजार ६८, गण्डकीबाट ४ लाख ३२ हजार ७२३ र लुम्बिनीबाट २ लाख ३६ हजार ५९५ हस्ताक्षर संकलन भएका छन् । कर्णाली प्रदेशबाट ४३ लाख ७७५, सुदूरपश्चिमबाट ९४ हजार ५३५, केन्द्रीय कार्यालयबाट ३३ हजार ३७०, काठमाडौंका अन्य बुथबाट ५९ हजार ८८५, ह्वास्टएपबाट ६ लाख ५० हजार १७२ र इमेलबाट ८० हजार १७६ हस्ताक्षर संकलन भएको रास्वपाको दाबी छ । हालसम्म जम्मा भएको कूल हस्ताक्षर संख्या २४ लाख ५७ हजार ६१८ छ ।

***उम्मेदवार...*** 'रुपन्देहीलाई प्रस्थानबिन्दु मानेर पार्टीले उम्मेदवार छनोट विधि पारित गरेका हो,' उनले भने, 'पार्टीले छान्ने उम्मेदवार पार्टीको गतिविधिमा संलग्न, पदाधिकारीदेखि सदस्यहरूले रुचाएको र क्षमतावान व्यक्ति जसले देश र जनताका लागि योगदान दिन सक्षम हुनुहुन्छ, यस्तो उम्मेदवारलाई छनोट गर्ने गरी कार्यविधि बनाएका हौ ।' पार्टीका प्रवक्ता मनिष झाले उम्मेदवारको स्वीकारत्व, व्यक्तित्व र क्षमता सधैं हाबी हुने स्पष्ट पारे । रास्वपाले पार्टी स्थापना भएयता आन्तरिक रूपमा प्रारम्भिक निर्वाचन विधिबाट उम्मेदवार चयन गर्दै आएको बताउँदै आएको छ । सोही विधिमा थप

परिमार्जन र परिस्कृत गर्दै नयाँ कार्यविधि बनाइएको जनाइएको छ । 'लिडरसिप एकेडेमीमा २५ प्रतिशत, पोलिटिकल प्राक्सेमिटीमा २० प्रतिशत, समावेशितामा पाँच प्रतिशत र प्रारम्भिक निर्वाचनको नतिजामा ५० प्रतिशत अङ्कभार निर्धारण गरिएको छ,' प्रवक्ता झाले भन्नुभयो । पार्टीले एक साताभित्र उम्मेदवार छनोटको तालिका सार्वजनिक गर्ने बताएको छ ।

***कमललाई......*** कमल गाउँपालिकाबाट सुरू गरिएको यो योजना अन्य पालिकाहरूले पनि अनुसरण गर्न थालेका छन् । किसानले लामो समयदेखि माग गर्दै आएको यस्तो राहत योजनाले कृषकहरूमा उत्साह थप्ने अपेक्षा गरिएको छ ।

***भण्डारीका...*** उठाएपछि र म आउँछु भनेपछि उहाँले आउनुहुन्छ कि हुँदैन, नैतिकरुपमा हुन्छ कि हुँदैन, गणतन्त्रमा, समाजमा, राजनीतिमा, व्यवस्थामा र स्वयं उहाँको जीवनमा यसले के असर पर्छ, यी सबै कुरा सोचेर उहाँलाई दिनुपर्ने सुझाव वा उहाँमाथि गर्नुपर्ने निर्णय पार्टीले गर्छ नै', उनले भनेका छन् । भण्डारीलाई अहिले नेतृत्व हस्तान्तरण गर्न नसक्ने पनि उनले स्पष्ट पारेका छन्। कतै तपाईंले विद्या भण्डारीलाई नेतृत्व हस्तान्तरण गर्नका लागि सुविचारितरुपमा लिएको रणनीति त होइन? भन्ने प्रश्नमा ओलीले अहिले भण्डारीलाई नेतृत्व हस्तान्तरण गर्ने अवस्था नरहेको स्पष्ट पारेका छन् । 'अहिले उहाँलाई नेतृत्व हस्तान्तरण गर्न सकिने अवस्था छैन', ओलीको भनाइ छ, 'किनभने एक त राजनीतिमा आउनु हुन्छ भनेर पार्टीले ठानेको, मानेको अवस्था छैन। दोस्रो, पार्टी काम छाडेर धेरै वर्ष बाहिर बस्नुभएको र पहिले पनि लिडरसिपमा बसेर काम गरेको संगठनात्मक अनुभव उहाँसित छैन ।'

अन्तर्राष्ट्रिय

## इराक सपिङ मलमा आगलागी, ५५ को मृत्यु

एजेन्सी/ इराकको कात शहरको एक सपिङ मलमा भीषण आगलागी हुँदा ५५ जनाको मृत्यु भएको छ । समाचार एजेन्सी एएफपीले आगलागीमा फसेकाहरूको खोजी जारी रहेको जनाएको छ । इराकी सरकारी मिडियाकाअनुसार बुधबार राति बहुतले भवनका धेरै तलामा आगो लागेको थियो, जुन अहिले नियन्त्रणमा आएको छ ।

उक्त मल पाँच दिन अघि मात्र खोलिएको थियो । ५० वर्षका डाक्टर नासिर अल-कुरैशीले आगलागीमा आफ्नो परिवारका पाँच सदस्य गुमाएको बताएका छन् । "हामीमाथि विपत्ति आइपरेको छ," उनले भने, "हामी केही खाना खान, बेलुकाको खाना खान र घरमा बिजुली कटौतीबाट बच्न मलमा गएका थियौं ।" नासिरकाअनुसार मलको दोस्रो तल्लामा एअर कन्डिसनर विस्फोट भयो र त्यसपछि आगो लागेको थियो ।

खेल समाचार

## श्रीलंकाविरुद्ध नेपालको फराकिलो जित



**दमक/** नेपालले साफ महिला यु-२० च्याम्पियनसिपमा तेस्रो जित निकालेको छ । बिहीबार भएको खेलमा नेपालले श्रीलंकाविरूद्ध ७-० को फराकिलो जित निकालेको हो । पहिलो हाफमा ४ गोल गरेको नेपालले दोस्रो हाफमा थप ३ गोल गऱ्यो । जितसँगै दोस्रो स्थानमा रहेको नेपालले ४ खेलबाट ९ अंक पुऱ्याएको छ । समान खेल खेलेको श्रीलंका जित र अंकविहीन छ । यसअघि नेपालले पहिलो खेलमा भुटानलाई ६-१ गोलले हराएको थियो । दोस्रो खेलमा बंगलादेशसँग ३-२ ले पराजित भएको नेपालले तेस्रो खेलमा श्रीलंकामाथि ७-० को सहज जित निकालेको थियो । नेपालले अब भुटान र बंगलादेशसँग खेल्नेछ ।

## इटहरीमा घिसिङ सम्मानित

**इटहरी/** स्वतन्त्र नागरिक समाज इटहरीको आयोजनामा इटहरी-२, देवीथानमा एक विशेष कार्यक्रमको आयोजना गर्दै उज्यालो नेपालका अभियन्ता कुलमान घिसिङलाई सम्मान गरिएको छ । कार्यक्रममा स्वतन्त्र नागरिक समाज मोरङका अध्यक्ष नेत्र चौलागाईं, इटहरीका अध्यक्ष देबराज गुरुङ, सचिव ओमराज लिम्बु लगायतको टिमले घिसिङलाई , दोसल्ला ओढाएर उनको ऊर्जा क्षेत्रको सुधार तथा लोडसेडिङ अन्त्यमा पुऱ्याएको योगदानको खुलेर प्रशंसा गरेका थिए। उक्त सम्मान कार्यक्रममा घिसिङको नेपालका ऊर्जा क्षेत्रमा पुऱ्याएको अतुलनीय योगदानको उच्च मूल्याङ्कन गर्दै कदर गरिएको हो। घिसिङले विद्युत् प्राधिकरणको नेतृत्व सम्हालेर मुलुकलाई लोडसेडिङमुक्त बनाउने ऐतिहासिक कार्य गरेका थिए ।

सम्मान ग्रहण गर्दै घिसिङले जनताको माया, विश्वास र साथले आफूलाई अझ जिम्मेवार र सक्रिय बनाएको बताए। उनले उज्यालो नेपालको सपना अझ सशक्त रूपमा अघि बढाउन सबैको साथ र सहयोगको अपेक्षा व्यक्त गरे। कार्यक्रममा विभिन्न सामाजिक, राजनीतिक तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।

***शेयर.....*** चारवटा कम्पनी थपिएका छन् । आईपीओमार्फत तीन करोड ६५ लाख कित्ता सेयर, थप निष्कासन (एफपीओ) मार्फत ११ लाख २० हजार कित्ता सेयर थपिएको छ ।

यस्तै, सरकारबाट थप गरिएको तथा स्थानीयलाई वितरण गरिएको चार करोड ३२ लाख ५८ कित्ता सेयर, सामूहिक लगानी कोषका ३७ करोड ८१ लाख एकाइ र संस्थागत ऋणपत्र ८३ लाख कित्ता गरी जम्मा ८० करोड ४२ लाख ८५ हजार कित्ता धितोपत्र सूचीकृत भएका छन् ।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय गौरादह झापाको**

**विद्युत अवरुद्ध हुने बारे जरूरी सूचना**

**गौरादह वितरण केन्द्रको ३३/११ के.भि. जुरोपानी सवस्टेसन हाल जडित** 6/8 MVA **ट्रान्सफर्मर** Over Load **भई पटक-पटक** line Trip **हुने र** Voltage **कम हुने भएको हुनाले सो समाधान गर्न २४** MVA Capacity Power Transformer Installation **जडान कार्य ७ सात दिनभित्र हुने हुँदा जुरोपानी सवस्टेसनमा** Switching, Breaker **सम्बन्धी कार्य गर्नु पर्ने हुँदा मिति २०८२।०३।३२ देखि समय समयमा लाईन अबरुद्ध हुने भएकोले यस गौरादह वितरण केन्द्रभित्र पर्ने सम्बन्धित सम्पूर्ण ग्राहकवर्गहरुमा यसै सूचना मार्फत् जानकारी गराइन्छ । यसबाट पर्न जाने असुविधाप्रति ने.वि.प्रा. गौरादह वितरण केन्द्र क्षमाप्रार्थी छ ।**

# बिर्तामोड नपामा जग्गाधनी प्रमाणपुर्जा वितरण सुरु



**बिर्तामोड/** बिर्तामोड नगरपालिकाले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण-पूर्जा वितरण कार्य औपचारिक रुपमा सुरू गरेको छ।

नगरपालिकाको नयाँ प्रशासनिक भवन उद्घाटन समारोहका क्रममा बुधबार प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले वडा नम्बर ७ का तीन जनालाई प्रतीकात्मक रुपमा लालपुर्जा हस्तान्तरण गरे । सूर्यमाला लिम्बु, मनकुमार सुब्वा र डिल्लीकुमार लिम्बुले लालपुर्जा प्राप्त गरेका हुन् ।

वडा नम्बर ७ मा ३ सय ४१ घरधुरी लालपुर्जाका हकदार रहेको र पहिलो चरणमा १ सय जनालाई पूर्जा वितरण गर्न सकिने वडाअध्यक्ष अबिरल कृष्ण खरेलले जानकारी गराए । उनले अब दाबी विरोधको लागि तत्कालै सार्वजनिक सूचना जारी गरिने पनि बताए ।

नगर प्रमुख पवित्रा महतारा प्रसाईले सम्पूर्ण भूमिहीनलाई जग्गाको धनी बनाउने अभियानलाई उच्च प्राथमिकतामा राखिएको बताए । उनले कानूनी प्रक्रिया पुरा गरेर सवै वडामा धनिपुर्जा वितरण गरिने जानकारी दिए ।

नगरपालिकामा यस अघिनै भूमि समस्या समाधान आयोगको कार्यालय स्थापना गरेर काम अघि बढिरहेको छ । आयोगले वडा नम्बर १० मा दावी बिरोध सम्बन्धी सूचना सार्वजनिक गरेको र त्यसमा कुनै पनि निवेदन नपरेको आयोगका बिर्तामोड संयोजक विमल पोख्रेलले जानकारी दिए ।

बिर्तामोड नगरपालिकामा यस अघिका आयोगले संकलन गरेको तथ्यांक अनुसार २ हजार ५ सय ८६ परिवार भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी छन् । तर पछिल्लो आयोगले फेरि निवेदन दर्ता गराउने समय उपलब्ध गराएपछि केहि थप भएको जनाईएको छ ।

दमक नगरपालिका
**दमक अस्पताल**
दमक झापा
कोशी प्रदेशको

**मौजूदा सूची दर्ता गर्ने सम्वन्धी सूचना**

***(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०४/०२)***

यस अस्पताल सञ्चालनको लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामाग्री, निर्माण तथा मर्मत कार्य आदि आपुर्ति गराउन इच्छुक फर्म, कम्पनी वा संस्थाबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची दर्ता गर्नका लागि यो सूचना प्रथम पटक प्रकाशित भएकोले आफुले गर्ने कार्यहरुको छुट्टाछुट्टै विवरण भरी यस अस्पतालको खरिद ईकाई शाखामा रीतपुर्वक आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**
१. औषधी तथा औषधीजन्य सामग्रीहरु ।
२. प्रयोगशाला केमिकल तथा एसेसोरिजहरु ।
३. सर्जिकल, एक्स-रे फिल्म तथा मेडिकल इक्वीप्मेन्ट सामाग्री र परामर्श सेवा ।
४. इलेक्ट्रोनिक, इलेक्ट्रोनिक्स, हार्डवेयर, पल्मवीङ्ग सामान सप्लाई तथा मर्मत सम्वन्धी कार्यहरु ।
५. स्टेसनरी, छपाई, मुद्रण तथा पत्रपत्रिका सम्वन्धि कार्यहरु ।
६. कार्यालय संचालन, हाउस किपिङ्ग तथा सरसफाईका सामान सम्वन्धि मालसामानहरु ।
७. फर्निचर, फर्निसिङ्ग तथा फ्लोरिङका सामान आपुर्ति तथा मर्मत सम्वन्धि कार्यहरु ।
८. कम्प्यूटर, प्रिन्टर, फोटोकपी, फ्याक्स, टेलिफोन, सि.सि. क्यामेरा, ए.सि. र अन्य विधुतीय उपकरण खरिद तथा मर्मत कार्यहरु ।
९. सार्वजनिक सम्पतीको निर्माण तथा मर्मत सम्भार सम्वन्धी कार्यहरु ।
१०. खानेपानी सप्लाई सम्वन्धी कार्य ।
११. सूचना, बिज्ञापन प्रकाशन तथा प्रशारण सम्वन्धि कार्यहरु ।
१२. सफ्टवेयर, हार्डवेयर, नेटवर्किङ निर्माण तथा मर्मत सम्वन्धि सेवा र परामर्श सेवा ।
१३. सवारी साधन डेड बडी फ्रीज आदि खरिद तथा तथा मर्मत कार्यहरु ।
१४. अस्पतालको सेवा बिस्तार तथा गुणस्तरीय सम्वन्धी कार्य ।
१५. होटल, क्यान्टीन, लज आदि सम्वन्धी कार्य ।
१६. आदि ।

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:**
१. संस्था वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. स्थाई लेखा नम्बर वा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. आवश्यकता अनुसारको ब्यवसायिक प्रमाणपत्रको प्रतिलिपि ।
५. निवेदन ।

**अन्य जानकारीहरु:**
१. आफ्नो फर्मले जुन कार्य गर्न वा सामान आपुर्ति वा सेवा दिने इजाजत प्राप्त गरेको हो सोहि समुहको लागि मात्र सूचि दर्ता गराउनु पर्नेछ ।
२. प्राप्त निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार अस्पतालमा निहित रहनेछ ।
३. थप जानकारी आवश्यक भएमा अस्पताल प्रशासनमा सम्पर्क गरि लिन सकिनेछ ।

***दमक अस्पताल प्रशासन***

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल,
**कार्यालय**: दमक-५, झापा, फोनः ०२३-५७०२७२/५८१७०७,
**प्रबन्धक**: सुवासचन्द्र भट्टराई,
**मुद्रण**: ज्योति अफसेट प्रेस,
**कार्यकारी सम्पादक**: खगेन्द्र कार्की
E-mail:purbasandesh@yahoo.com
**ले-आउट**: सुरेन बस्नेत